# जय भुँडी निबन्ध सङ्ग्रहमा प्रयुक्त भाषाशैली

**https://doi.org/10.3126/tej.v11i1.54449**

**डा. राजेन्द्र खनाल**
sauravabhirk@gmail.com

**Article History**

| Received | Revised | Accepted |
|---|---|---|
| 20th December, 2022 | 22nd January, 2023 | 5th February, 2023 |


## लेखसार

प्रस्तुत लेखको उद्देश्य जय भुँडी निबन्ध सङ्ग्रहमा प्रयुक्त भाषाशैलीको विश्लेषण गर्नु हो । पुस्तकालयीय अध्ययन प्रक्रियाबाट तथ्य सङ्कलन गरी जय भुँडी निबन्ध सङ्ग्रहलाई प्राथमिक स्रोत तथा भाषाशैलीसँग सम्बद्ध सैद्धान्तिक पुस्तकहरूलाई द्वितीयक स्रोतका रूपमा लिइएको यस लेखमा वर्णनात्मक विधिको उपयोग गरिएको छ। अध्ययनबाट विश्लेष्य निबन्ध सङ्ग्रहमा मानक व्याकरणका मान्यतामा सीमित नबनी साहित्यिक कृतिलाई कलात्मक र सार्थक तुल्याउन शैलीविज्ञानमा स्थापित भाषाशैलीका विविध उपकरणको प्रभावपरक उपयोग भएको पाइएको छ। निबन्ध सङ्ग्रहमा भाषिक तत्त्वहरूको आवृत्तिमूलक प्रयोग र विचलनयुक्त भाषाले प्रस्तुतिलाई कलात्मक बनाएका छन् भने अभिव्यक्ति आलङ्कारिक देखिएको छ । विचलनयुक्त भाषाशैली प्रयोगमा आधिक्य रहेको विश्लेष्य निबन्ध सङ्ग्रहमा निबन्धकारले व्यङ्ग्यात्मक शैलीबाट यथार्थ विषयवस्तुलाई उद्घाटन गरेका छन् । यस अध्ययनबाट भाषिक कला र प्रस्तुतिको चातुर्यका कारण जय भुँडी निबन्ध सङ्ग्रह पाठकमैत्री, प्रभावकारी तथा कलात्मक बनेको निष्कर्ष प्राप्त भएको छ ।

**मुख्य शब्दावली :** भाषाशैली, पुनरावृत्ति, आन्तरिक समानान्तरता, व्याकरणिक विचलन, आर्थी विचलन ।

## विषय प्रवेश

कृतिमा विशेष आकर्षण वा प्रभाव स्थापना गर्नका लागि भाषाशैलीको प्रमुख भूमिका हुन्छ । कृतिलाई आकर्षक, प्रभावकारी तथा कलात्मक बनाउनका लागि स्रष्टाले भाषिक शैली विशिष्ट तुल्याएका हुन्छन् ।
भाषाका माध्यमबाट सिर्जना गरिएको कलात्मक ढाँचा एवम् प्रस्तुतिको भाषाशैली विश्लेषण गर्नका लागि मूलतः शैलीविज्ञानका मान्यतालाई उपयोग गरिन्छ । भाषाशैलीका सन्दर्भमा पूर्वीय साहित्यशास्त्र तथा पाश्चात्य साहित्यशास्त्रमा विविध मान्यताहरू स्थापना भएका छन् । भाषाशैलीसँग सम्बद्ध पूर्वीय मान्यता अलङ्कार, रीति, वक्रोक्ति, तथा ध्वनि आदि सिद्धान्त शैलीविज्ञानसित केही न केही मिल्न आउने सिद्धान्तहरू हुन् (गौतम, २०५९, पृ. २८४) । साहित्यिक कृतिको भाषाशैलीविशेष प्रकृतिको हुने जनाउँदै नेपाल (२००५) भन्छन्, : सामान्य भाषाको व्याकरण भएजस्तै आख्यानको भाषाको पनि आफ्नो व्याकरण हुन्छ जसमा व्याकरणिक कोटिहरू सामान्य भाषाकै सदृशतामा काम गर्न बाध्य हद्दैनन्। साहित्यिक कृतिमा स्रष्टाले विशेष प्रकारका भाषिक उपकरणको उपयोग गरी प्रस्तुतिलाई कलात्मक बनाएको हुन्छ ।

कृतिको भाषाशैलीलाई वैज्ञानिक आधारमा विश्लेषण गर्ने शास्त्र शैलीविज्ञान हो । शैलीविज्ञानका विविध आयाममध्ये भाषिक समानान्तरता र भाषिक विचलनको विशेष स्थान छ । कुनै पनि साहित्यिक कृतिको भाषा प्रयोगमा गरिने नियमित आवृत्तिलाई भाषिक समानान्तरता भनिन्छ । समान भाषिक एकाइहरू क्रमशः पटक पटक प्रयोग हुनु नै समानान्तरता हो । भाषिक समानान्तरता भनेको सोद्देश्यमूलक अतिरिक्त नियमितता हो । स्रष्टाले आफ्नो कृतिलाई लयात्मक तथा अनुप्रासयुक्त बनाउन वर्ण, रूप, शब्द, पदावली, उपवाक्य, लय, छन्द, उखान, टुक्काका स्तरमा प्रयुक्तिगत आवृत्ति गर्दछन् । त्यस्तै, रचनाकारले परम्परित व्याकरणिक नियमको परिपालन नगरी विचलनयुक्त भाषाका माध्यमबाट पनि आफ्नो लेखकीय पहिचान पनि स्थापित गर्दै रचनालाई कलात्मक र प्रभावकारी बनाएका हुन्छन् । यस लेखको मूल उद्देश्य निबन्धकारले जय

भुँडी निबन्ध सङ्ग्रहमा प्रयोग गरेको आवृत्तिमूलक तथा विचलनयुक्त भाषा शैली विश्लेषण गर्नु रहेकाले यस लेखमा उक्त निबन्ध सङ्ग्रहमा रहेका भाषिक प्रयोग तथा प्रभावको उदाहरणसहित विश्लेषण गरिएको छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेखमा अनुसन्धानको गुणात्मक ढाँचा अवलम्बन गरिएको छ। यसमा वर्णनात्मक विधिको उपयोगभएको छ। पुस्तकालयीय अध्ययन प्रक्रियाबाट तथ्य सङ्कलन गरी जय भुँडी निबन्ध सङ्ग्रहलाई प्राथमिक सामग्री तथा भाषा शैलीसँग सम्बन्धित सैद्धान्तिक ग्रन्थलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरी प्रस्तुत लेख तयार गरिएको छ। विभिन्न सैद्धान्तिक ग्रन्थहरूको अध्ययन गरी भाषाशैलीका प्रमुख आधारभाषिक समानान्तरता र भाषिक विचलनको सैद्धान्तिक स्वरूप तयार गरिएको छ । त्यसपश्चात् उक्त मान्यताका आधारमा जय भुँडी निबन्ध सङ्ग्रहमा प्रयोग गरिएका भाषिक समानान्तरता र विचलनको खोजी गरी तिनको तथ्यपरक विश्लेषण गरिएको छ ।

## भाषाशैली

शैलीले ढाँचा वा तरिकालाई जनाउँछ । साहित्य वा रचनामा स्रष्टाले पाठक वा दर्शकको ध्यान आकर्षित गर्न तथा प्रस्तुतिलाई विशेष एवम् प्रभावकारी बनाउनका लागि कृतिमा विशेष शैली उपयोग गरेका हुन्छन् । कृति प्रस्तुतिका विविध शैलीमध्ये भाषाशैली प्रमुख पक्ष हो । कृतिमा प्रयुक्त भाषाशैलीको अध्ययन तथा विश्लेषण गर्ने कार्यका लागि मूलतः शैलीविज्ञानको उपयोग गरिन्छ । शैलीविज्ञान पाठमा प्रस्तुत औपचारिक तथा मानक ढाँचाको विश्लेषणमा केन्द्रित नभई पाठमा प्रस्तुत प्रकार्यात्मक सान्दर्भिकताका लागि उपयोग गरिने भाषिक चातुर्यको विश्लेषणमा केन्द्रित हुन्छ (वेल्स, २००१, पृ. ३७३) । प्रस्तुतिको शैली व्यक्तिको विचार, भावना तथा क्षमतामा आधारित हुन्छ । जुन लेखकको व्यक्तित्त्व जस्तो हुन्छ, त्यसको शैली पनि उस्तै हुन्छ (बराल, २०५६, पृ. ७२) । स्रष्टाका पद पद र वाक्य वाक्य उसको हृदय या मस्तिष्कको छाप बन्न जान्छ (श्रेष्ठ, २०७८, पृ. १२४) । शैलीवज्ञानले भाषाविज्ञानको भाषाशास्त्रीय अनुप्रयोगको एकोहोरो दबदबालाई क्रमशः कम गरी प्रतीकविज्ञान र अर्थविज्ञानका साथै कलाशास्त्र र साहित्यशास्त्र एवम् नवविधाचिन्तनका साहित्य शैलीविज्ञानसँग अधिकाधिक सहअस्तित्व कायम गरी आफै स्वायत्त वैज्ञानिक समालोचना पद्धति बन्न पुगिरहेको दाबी गरिरहेको कुरा उल्लेख्य छ भने अर्कातर्फ संरचनावादले चाहिँ संरचनावादी भाषाविज्ञानका सामान्य धरातलमा टेकेर पनि साहित्यिक विधातत्त्वका नवधर्मका उद्घाटनतर्फ पनि गहिरो चासो देखाई कृतिका भाषिक र विधागत सहसंरचनाको उत्खनन र नवसन्धानतर्फ नितान्त नौलो सैद्धान्तिक सचेतना देखाइरहेको पाइन्छ (त्रिपाठी, २०५८, पृ. ५१५) । शैलीविज्ञानले भाषाको कलात्मक प्रकार्यका बारेमा विश्लेषण गर्छ (लिच र सर्ट, १९९५, पृ. १३) । यसर्थ शैलीविज्ञान सबै प्रकृतिका रचनामा स्रष्टाले उपयोग गरेको भाषाको विशिष्ट ढाँचा तथा शैलीको विश्लेषणमा केन्द्रित हुन्छ ।

शैलीविज्ञानका विशिष्ट र केन्द्रीय पक्ष भनेका भाषिक समानान्तरता र भाषिक विचलन हुन् । यी दुई पक्षलाई समुच्चमा अग्रभूमिनिर्माण शब्दको उपयोग गरिएको पाइन्छ। रचनाको कुनै अंशलाई विशिष्ट तुल्याउन सो अंशमा विशेष बल दिनु नै अग्रभूमिनिर्माण हो (शर्मा, २०५९, पृ. ८) । अग्रभूमिको प्रस्तुति पश्चभूमि वा मध्यभूमिभन्दा बढी मुखर, सुस्पष्ट र ध्यानाकर्षक हुन्छ (शर्मा, २०५५, पृ. ५१) । भाषा शैलीकायससम्बन्धी मान्यतालाई सैद्धान्तिक मूल्य दिने कार्य सर्वप्रथम सन् १९३० मा जे. मुकारोभ्स्कीले गरेको देखिन्छ। अग्रभूमिसम्बन्धी प्रयोग क्षेत्र प्रारम्भमा चित्रकला मात्र मानिन्थ्यो भने पछि भाषिक क्षेत्रमा प्रविष्ट भएको हो । शैलीवैज्ञानिक मान्यताले साहित्यिक कृतिको भाषाशैली परम्परागत, रूढ तथा यान्त्रिक प्रकृतिको नभएर नवीन, सार्थक, कलात्मक तथा सौन्दर्यपूर्ण हुनुपर्ने मान्यता राख्छ र सोहीअनुसार भएका प्रयोगको खोजी र विश्लेषण गर्छ। भाषाशैलीका क्षेत्रमा भाषिक समानान्तरता र भाषिक विचलनलाई शैलीविज्ञानका प्रमुख क्षेत्र मानिन्छ।भाषिक समानान्तरता तथा भाषिक विचलनले पाठकलाई कृतितलर्फ आकर्षित गर्ने र प्रस्तुति प्रभावशाली तुल्याउने हुनाले साहित्यमा भाषाशैलीलाई उपलब्धिमूलक मानिन्छ।

## भाषिक समानान्तरता

भाषा-प्रयोगमा नियमित पुनरावृत्तिलाई समानान्तरता भन्दछन् (शर्मा, २०५९, पृ. ८) । आवृत्तिमूलक भाषिक प्रयोग

बाट कृतिमा साहित्यिकताको बढ्दो सुगन्ध तथा तीव्र आकर्षण बढेको हुन्छ । संरचनागत भाषिक एकाइको पुनरावृत्ति बाह्य समानान्तरता हो भने अर्थगत भावमय पुनरावृत्ति आन्तरिक समानान्तरता हो ।

**बाह्य समानान्तरता**: एक वा एकभन्दा बढी स्वनिम, शब्द, पदसमूह, वाक्य आदिको पुनरावृत्तिलाई बाह्य समानान्तरता भनिन्छ (शर्मा, २०५५, पृ. ५५३) । एकभन्दा बढी वर्ण, रूप, शब्द, पद, पदावली, उपवाक्य, वाक्य आदिको आवृत्ति हनु नै बाह्य समानान्तरता हो ।

**आन्तरिक समानान्तरता**: भाव वा अर्थको पुनरावृत्तिलाई आन्तरिक समानान्तरता भनिन्छ (शर्मा, २०५५, पृ. ५५३) । यो समानान्तरता कृतिको अर्थगत तहमा अभिव्यक्त हुन्छ । भावार्थ वा वाच्यार्थका बिचमा आन्तरिक रूपले रहने अर्थगत सादृश्य, नियमितता र समानतालाई आन्तरिक समानान्तरता भनिन्छ । अर्थात् भाव वा अर्थको स्तरमा पुनरावृत्ति हुनुलाई नै आन्तरिक समानान्तरता भनिन्छ ।

## भाषिक विचलन

सामान्य भाषिक वा व्याकरणिक नियमले विचलित गर्न नहुने कुरालाई विचलित गरेर देखाउने लेखकीय प्रवृत्ति नै विचलन हो । प्रचलित पथ वा मानक प्रयोगलाई उल्लङ्घन गर्ने हुँदा यसलाई विचलन भन्ने गरेको पाइन्छ । विचलनले शैलीगत चमत्कार र भाषिक सौन्दर्यको नवीनता देखाउँछ । मानकको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ (शर्मा, २०५९, पृ. ८) । साहित्यिक सिर्जनाहरूमा विचलनयुक्त भाषिक प्रयोगले लक्ष्यार्थ तथा व्यङ्ग्यार्थ प्रस्तुत गरेका हुन्छ । विचलनका केही प्रकारहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

**कोशीय विचलन**: शब्दकोशले समावेश नगरेका मौलिक वा नवीन शब्दको प्रयोगलाई कोशीय विचलन भनिन्छ (पौडेल, २०६९, पृ. ५०) । स्रष्टाले सिर्जना गरी वा पुनर्निर्माण गरी वा परम्परित शब्दलाई नयाँपन दिई अभिव्यक्तिलाई प्रभावकारी बनाउनका लागि शब्दकोशमा प्रविष्ट नभएका शब्दहरू उपयोग गरिन्छ भने त्यो कोशीय विचलन हो । नवीन शब्दको निर्माण र प्रचलित शब्दको संरचनामाथि अतिक्रमण गरेर कोशीय विचलनको सिर्जना गरिएको पाइन्छ ।

**व्याकरणिक विचलन**: प्रत्येक भाषाको आफ्नै मानक व्याकरण हुन्छ । भाषिक व्याकरणको मानक ढाँचा तथा मान्यतामाथिको अतिक्रमबाट व्याकरणिक विचलन जन्मन्छ । कृतिको सर्जक भाषाको स्थापित तथा मानक निश्चित भाषिक व्याकरण व्यवस्थामा मात्र सीमित हुन चाहँदैन । भावनाको स्वच्छन्द प्रकटन तथा कलात्मक प्रस्तुतिसहित प्रभाव स्थापनार्थ स्रष्टाले आफ्नो विशिष्ट भाषिक अभिव्यक्तिका क्रममा लिङ्ग, वचन, पुरूष, काल, भाव, पक्ष, वाच्यजस्ता व्याकरणात्मक कोटि र वाक्य, उपवाक्य, पदसङ्गति, पदक्रम आदि एकाइहरूको नियमितता र नियमसम्मत व्यवस्थामाथि अतिक्रमण गर्नु व्याकरणिक विचलन हो ।

**ध्वनिप्रक्रियात्मक विचलन**: यसलाई ध्वनिप्रक्रियागत विचलन पनि भन्ने गरिन्छ । भाषाको कुनै खास एकाइको उच्चारणमा मानकसँग स्पष्ट रूपमा छुट्ट्याउन सकिने अन्तर नै ध्वनि प्रक्तियात्मक विचलन हो । भाषाको कुनै खास एकाइको उच्चारणमा मानकसँग स्पष्ट रूपमा छुट्याउन सकिने अन्तर नै ध्वनि प्रक्रियागत विचलन हो (खनाल, २०६८, पृ. १४) ।कथ्य भाषामा जस्ताको त्यस्तै लेख्य ढाँचामा उतार्नु नै ध्वनिप्रक्रियात्मक विचलन हो ।

**आर्थी विचलन** : भाषिक प्रस्तुतिमा अभिधाभन्दा भिन्न लाक्षणिक तथा व्यञ्जनामूलक विशिष्ट अर्थ प्रकट हुनु नै आर्थी विचलन हो । सन्निधानको सिद्धान्तअनुसार मेल नखाने कुरा अथवा प्रकृतिको मानवीकरण मानवको प्रकृतीकरण आदि गरेर देखाउने विचलित प्रवृत्तिलाई यसअन्तर्गत राखिन्छ (भण्डारी, २०६८, पृ. २१) । एउटा

स्थितिको प्रसङ्गमा उपयोग गर्न सकिने भाषिक शैलीलाई अर्को प्रसङ्गमा उपयोग गरियो भने आर्थी विचलन सिर्जना हुन्छ ।

प्रस्तुत लेखमा जय भुँडी निबन्ध सङ्ग्रहमा प्रयुक्त भाषाशैली विविध पक्ष जस्तै : भाषिक समानान्तरताअन्तर्गत पर्ने बाह्य समानान्तरता तथा आन्तरिक समानान्तरता एवम् भाषिक विचलनअन्तर्गत पर्ने कोशीय विचलन, व्याकरणिक विचलन, ध्वनिप्रक्रियात्मक विचलनर आर्थी विचलनलाई उदाहरसहित विश्लेषण गरिएको छ ।

## जय भुँडी निबन्ध सङ्ग्रहको भाषाशैली

भाषिक समानान्तरताले भाषाका एकाइको पुनरावृत्तिलाई जनाउँछ । भाषाका अवयवहरू दुई किसिमले आवृत्त हुन्छन्, पहिलो संरचनागत तहमा र दोस्रो अर्थगत तहमा । संरचनागत तहमा देखिने आवृत्ति बाह्य समानान्तरता हो भने अर्थगत तहमा देखिने समतुल्यता वा आवृत्ति आन्तरिक समानान्तरता हो । बाह्य तहमा मूलतः वर्ण, शब्द र वाक्य आवृत्त गरिन्छन् । त्यस्तै, स्थापित व्याकरण तथा मानकभन्दा फरक शब्द तथा वाक्यको प्रयोग गरी कृतिलाई आकर्षक बनाइन्छ । प्रस्तुत लेखमा जय भुँडी निबन्ध सङ्ग्रहमा प्रयुक्त आन्तरिक र बाह्य समानान्तरता तथा कोशीय, व्याकरणिक, ध्वनिप्रक्रियात्मक एवम् आर्थी विचलनका उदाहरण पहिचान गरी तिनको विश्लेषण गरिएको छ ।

## बाह्य समानान्तरता

निबन्धकार अर्यालले जयभुँडी निबन्ध सङ्ग्रहमा बाह्य समानान्तरताको उल्लेख्य प्रयोग गरेर प्रस्तुतिलाई लयात्मक, गेयात्मक, प्रभावकारी र सार्थक बनाएका छन् । निबन्ध सङ्ग्रहमा प्रयुक्त बाह्य समानान्तरताका केही उदाहरण यहाँ चर्चा गरिएको छ ।

- **पु**राण **प**ढ्नुहोस्, **प**ण्डित भेट्नुहोस् कि **पा**दरी भट्नोस् मपाईंकै चर्तिकला तपाई सुन्नुहुन्छ (पृ. ३) ।
- पुलिस इन्सपेक्**टर** नपाए बस कन्डक्**टर** नै सही, एडि**टर** नपाए कम्पोजि**टर** नै सही, एउटा **'टर' त झु**न्डयाउनै पर्छ बा (पृ. २८) ।
- अहिलेलाई चिया चुरोट चलाइदिउँला, **च**न्दा उठेपछि **चु**प **चु**स्कीको **च**मेना पनि गर्नुहोला (पृ. २८) ।
- अस्तिसम्म ना**लु**को जुत्ता **ला**एर आ**लु** बेच्न जाने ता**लु** खुइलिएको का**लु** साहुलाई अहिले ठा**लु** भयो भन्दैमा महापुरूष कसरी भन्नु (पृ. ३९)?
- यसैबेला यत्तिखेरै **क**पुरी**का**न्त **कार्की का**न्लामाथि बसेर माइत गएकी **कार्कि**नीलाई पर्खदो हो (पृ. ६७) ।
- **ख**स्याङ**खु**सुङ **खो**लाका **ख**बटानन्द **ख**तिवडा **खा**टमाथि पल्टेर **ख्वाङ्ख्या**ङ **खो**क्दै डाक्टर **खु**कुरीराम **ख**त्रीलाई पर्**ख**दो हो (पृ. ६७) ।
- **गा**ना सुन्न **ग**एकी **गी**तादेवी बेला नभैसकेकाले **ग**जक्क परेर रेडियो भएनिर पर्खदी हो (पृ. ६७) ।
- **घ**टसिंह **घ**ले **घट्टमा घै**याको पीठो पिँध्न गएको, पालो नपाएर **उँघी-उँघी** पर्खदो हो (पृ. ६७) ।
- **च**म्रेल बाबु **चा**क्सी किन्न पठाएको **चो**र **च**तुरे **चा**र घण्टा भैसक्यो आएन भनी पर्खदा हुन् (पृ. ६७) ।
- **द**लाई **ला**माका **दलाल**हरू **दाना**पुरमा **दाना** सिदिएर **दे**वताको नाम वा **दा**म कमाउन **दे**श फर्कने **दा**उ हेर्**दै दे**वाधि**दे**वको **दै**लामा **द**ण्डवत् गरी पर्ख**दा** हुन् (पृ. ६८) ।
- यस बेला यत्तिखेरै **पो**ल्याड जान लागेका **पाँ**डेजी **पा**लम एयर**पोर्ट**मा **पा**स**पोर्ट** जँचाएर **पाइप पि**उँदै प्लेन **प**र्खदा हुन् (पृ. ६८) ।

माथिको पहिलो वाक्यमा **प** वर्ण शब्दारम्भमा चार पटक र शब्दको बिचमा दुई पटकआवृत्त छ । दोस्रो वाक्यमा **टर** रूप शब्दान्तमा चार पटक आवृत्ति भई वाक्यालाई गेयात्मक बनाएको छ । त्यसैगरी तेस्रो वाक्यमा **च** वर्ण शब्दादिमा सात पटक आवृत्त छ । चौँथो वाक्यमा**आलरूप शब्दको अन्त्यमा पाँच** पटक प्रयोग भएको छ । पाँचौँवाक्यमा शब्दको सुरू तथा मध्यमा जम्मा**क** वर्ण सात पटक दोहोरिएको छ । छैठौँ वाक्यमा **ख** वर्ण शब्दादिमा एघार पटक र शब्दको मध्यमा एक पटक उपस्थित छ । सातौँ वाक्यमा **ग** वर्ण शब्दादिमा चार पटक आवृत्त भई वाक्यलाई लयात्मक बनाएको छ । आठौँ वाक्यमा **उँघी** शब्द दुई पटकप्रयोग भएको छ भने**घ** वर्ण शब्दको सुरूमा चार पटक आई

प्रस्तुतिलाई प्रभावकारी तुल्याएका छन् । नवौँ वाक्यमा **च** वर्ण शब्दको आदिमा पाँच पटक प्रयोग भएको छ । यसले वाक्यलाई अनुप्राययुक्त बनाएको छ । दोहोरिएको छ । दशौँ वाक्यमा शब्दको आदि तथा मध्य एवम् अन्त्यमा**द** वर्ण पन्ध्र पटक प्रयुक्त छ भने**ल** वर्ण तीन पटक आएको छ । यी दुवै वर्णले वाक्यलाई लयात्मक र प्रभावपरक बनाएका छन् । एघारौँ वाक्यमा **प** वर्ण दश पटक आवृत्त छ । यसले वाक्यलाई लयात्मक, अनुप्रासयुक्त तथा प्रभावकारी बनाएको देखिन्छ । भने बाह्रौँ वाक्यसोह्रौँ वाक्यमा **भ** वर्ण चार पटक दोहोरिएको छ । त्यस्तै सत्रौँ वाक्यमा **पशु** शब्द दुई पटक **प** वर्ण चार पटक आवृत्ति भएका छन् ।

यसरी भाषिक एकाइहरूमा भएको दोहोरिने प्रक्रियाले प्रस्तुतिमा मिठास थपेका छन् । अनुप्रासयुक्त वाक्य निर्माणमा भूमिका खेलेका छन् । माथि उल्लेख गरिएका नमुना बाह्य समानान्तरताको उपयोग गरी भाषाशैलीलाई प्रभावशाली तुल्याइएका केही उदाहरण मात्र हुन् । कृतिमा यस्ता बाह्य्य समानान्तरताको उपयोग गरी भाषाशैलीलाई आकर्षक बनाइएका प्रशस्त उदाहरण छन् । पाठकमा पनि मनोरञ्जन सिर्जना गर्दै अर्थमा पनि प्रभाव थपेका छन् । निबन्धकार अर्याल कलात्मक भाषाका कुशल प्रयोक्ता भएकाले पनि प्रत्येक वाक्यमा विशेष भाषाशैलीको उपयोग गरिएको पाइन्छ । यस्ता बाह्य्य समानान्तरताले कृतिलाई बाह्य सौन्दर्यसहित गर्दै श्रुतिरम्य र पाठकमैत्री बनाएका छन् भने अर्कातर्फ अर्थलाई पनि प्रभावकारी तुल्याएका छन् । भाषाशैलीको चातुर्यका कारण जय भुँडी निबन्ध सङ्ग्रह मनोरञ्जनात्मक र सार्थक बनेको छ ।

## आन्तरिक समानान्तरता

जय भुँडी निबन्ध सङ्ग्रहमा प्रयुक्त आन्तरिक समानान्तरताका केही उदाहरणहरूको यहाँ चर्चा गरिएको छ ।

- सभ्यताको जति-जति विकास हुँदै आयो, उति-उति मपाईंत्व-प्रवृत्ति पनि विष्णुमतीको मूला मौलाएझैँ मौलाउँदै आएको छ (पृ. ३) ।

माथिको वाक्यमा प्रत्येक मानिस आफूलाई नै केन्द्र ठान्ने र आफू नै सर्वेसर्वा हुँ भन्ने भावनासहित स्वार्थी बनिरहेको अवस्थाप्रति सङ्केत गरिएको छ । मानिसमा विकास भइरहेको स्वकेन्द्री विचार तथा व्यवहारलाई विष्णुमतीको फोहोर पानीसँग दाँजिएको छ । त्यस्तै, स्वार्थी भावना विकासको गतिलाई विष्णुमतीमा मौलाएको या सप्रिएको मूलासँग तुलना गरिएको छ । यहाँ निबन्धकारले स्वार्थी भावना खराब रहेको त्यस्तो खराब विचारको विकास तीव्रतर भइरहेका जनाउनका लागि आन्तरिक समानान्तरताको उपयोग गरेका छन् ।

- दानविनाको ज्ञान जो छन् सो मकैविनाको घान जस्तै हुन्छ, बुझिस् (पृ. ३६) ।

माथिको वाक्यमा कुनै विषयवस्तुको ज्ञान वा शिक्षा हासिल गर्नका लागि दातालाई श्रमको मूल्य दिनुपर्ने जनाइएको छ । निःशुल्क या प्रतिफलबिनाको ज्ञान अपूर्ण हुने जनाइएको छ । जसरी कुनै अन्नबिना जाँतो घुमाइयो भने त्यसबाट पिठो नआउने वा रित्तै रहने र दुःख मात्र पाइएजस्तै दान वा प्रतिफलबिना सित्तैमा लिइएको ज्ञान सफल नहुने बरू यस्तो अवस्थाले समय र श्रम मात्र खेर जाने जनाउँदै दानलाई मकै र ज्ञानलाई घानसँग तुलना गर्दै आन्तरिक समानान्तरताको उपयोग गरिएको छ ।

- तै अजिङ्गरको आहारा दैवले पुऱ्याउँछ भनेझैँ एउटा कोठामा झुलुक्क देखिए हुक्के सुब्बा (पृ. ४५) ।

माथिको उदाहरणमा प्रकृतिले सबै प्राणीहरूलाई जीवन निर्वाहको चक्रमा पारिस्थितिक भूमिका दिएको हुन्छ भन्ने विषयवस्तुमा आधारित भई अल्छी गरेर बसेको अजिङ्गरले पनि कुनै न कुनै तरिकाबाट आफ्नो भोक मेटाउने जनाइएको छ । जसरी अजिङ्गरले श्रमबिना नै दैव वा स्वाभाविक प्राकृतिक प्रक्रियाबाट आहारा प्राप्त गर्न सफल हुन्छ त्यसरी नै हुक्के सुब्बाको उपस्थिति भोक मेटाउने स्रोत बनेको जनाइएको छ । यसरी हुक्के सुब्बाको उपस्थितिलाई अजिङ्गरको आहारासँग तुलना गर्दै आन्तरिक समानान्तरताको उपयोग गरिएको छ । यस्ता आन्तरिक समानान्तरताका प्रशस्त नमुना निबन्ध सङ्ग्रहमा छन् । यस्ता समानान्तरताको उपयोगबाट कृति आलङ्कारिक र प्रभावकारी बनेको देखिन्छ ।

## भाषिक विचलन

साहित्यका अन्य विधाका तुलनामा कविता तथा निबन्धमा भाषिक विचलन अत्यधिक हुन्छ । यसो हुनुको मुख्य कारण यी विधा व्यक्तिकेन्द्री वा आत्मपरक हुनु हो । भाषिक विचलनका विविध आयाम छन् । तीमध्ये कोशीय विचलन, व्याकरणिक विचलन, ध्वनिप्रक्रियात्मक विचलन तथा आर्थी विचलन प्रमुख मानिन्छन् । जय भुँडी निबन्ध सङ्ग्रहमा प्रयुक्त यस्ता केही विचलनको सोदाहरण चर्चा यहाँ गरिएको छ ।

## कोशीय विचलन

शब्दकोशमा प्रविष्ट नगरिएका र परम्परागत प्रयोग नभएका शब्दहरूको उपयोग गर्ने भाषिक शैली कोशीय विचलन हो । लेखकीय भाषिक दक्षता तथा शब्द प्रयोगको कुशलता भएका स्रष्टाले कोशीय विचलनयुक्त शब्दको अधिकाधिक उपयोग गर्छन् भने सामान्य क्षमता भएका स्रष्टाहरूबाट यस्तो चातुर्यको खासै अपेक्षा गरिँदैन । कृतिलाई बढी आकर्षक र नवीन देखाउन तथा अभिव्यक्तिलाईप्रभावशाली तुल्याउन कोशीय विचलनको उपयोग गरिन्छ । जय भुँडी निबन्ध सङ्ग्रहमा उपयोग गरिएका कोशीय विचलनका केही नमुनाको यहाँ चर्चा गरिएको छ ।

- एकपटक ब्रह्मा र विष्णुमा तँ ठुलो कि म ठुला भन्नेबारे गम्कागम्की परेछ (पृ. ३) ।
- कसरी उनीहरू दाँत डिच्याएर एक अर्कासित लुछाचुँडी गर्छन् (पृ. ५) ।
- हाँडीघोप्टे र घ्याम्पे भुँडीले खँगारेका यी ठन्डाराम भुँडीहरू यहाँमात्र होइन, पृथ्वीको भुँडीभरि ठाउँ न ठहर , धोको न रहर भै भकुन्डिरहेका छन् (पृ. ५४) ।
- तर एकले अर्कोको अस्तित्व आवश्यक नठान्दा भुँडी-भुँडी भकुराभुकुर गर्न थाले (पृ. ५५) ।
- रेस्टुराँभित्र एक छेउमा दुई -चारजना भात खाँदै थिए, अर्को छेउमा दुई -चार जना जेरी जिप्टयाउँदै थिए (पृ. ८६) ।

उपर्युक्त रेखाङ्कित शब्दहरू चलनचल्ती र उपयोगमा आउनेभन्दा फरक शब्द हुन् । शब्दकोशमा प्रविष्ट नगरिएका शब्द हुन् । पहिलो वाक्यमा रहेको**गम्कागम्की**ले प्रतिस्पर्धात्मक भाषिक संवादलाई जनाएको छ । अझ यसले झगडाको अवस्थालाई पनि सङ्केत गरेको छ । त्यस्तै दोस्रो वाक्यमा रहेको **डिच्याएर** शब्दलेनिर्लज्ज स्थितिलाई जनाएको छ । तेस्रो वाक्यको **भकुन्डिरहेका** शब्द निरर्थक गोता खाइरहेको अवस्था वा प्रतिफलबिना नै अरूबाट उपयोग भइरहेको अवस्थामा रहेका व्यक्तिहरूको नियतिलाई उद्घाटन गर्न उपयोग भएको छ । त्यस्तै, चौथो वाक्यको **भकुराभकुर** शब्दले लडाइँ वा भौतिक प्रतिस्पर्धालाई जनाएको छ । त्यसैगरी पाँचौं वाक्यमा रहेको **जिप्ट्याउँदै** शब्द खानु भन्ने अर्थका लागि उपयोगमा आएको छ । यी केही नमुना मात्र हुन् । कृतिमा यस्ता प्रशस्त उदाहरण छन् जसले निबन्ध सङ्ग्रहमा व्यक्त विचार तथा प्रस्तुति आकर्षक एवम् कलात्मक र प्रभावकारी तुल्याएका छन् भने यस्ता विशिष्ट भाषिक शैलीका माध्यमबाट स्रष्टाको छुट्टै पहिचान निर्माणमा पनि सघाएका छन् ।

## व्याकरणिक विचलन

जय भुँडी निबन्ध सङ्ग्रहमा उपयोग भएका व्याकरणिक विचलनका केही नमुनाको चर्चा गरिएको छ ।

- तर वास्तवमा यो हो इतिहासको नयाँ प्रयोग (पृ. ५) ।
- बुझे बुझनोस् नबुझे नबुझ्नोस्, यो थियो अन्तराष्ट्रिय राजनीतिमा नयाँ प्रयोग (पृ. १०) ।
- फसाद पऱ्यो पहिलेका तटस्थ हौं भन्नेहरूलाई (पृ. १३) ।
- जे होस्, आफूलाई चाहिएको थियो, नयाँ ठाउँमा जान नयाँ पैसा (पृ. १९)?
- त्यसैले आनेकाने कुरा नहेरी कालधाराबाट म लुसुक्क निस्केर पुगिहाले सुनधारा (पृ. १९) ।
- फ्याँकिदेऊ त्यो टोपी सोपी, यता टापीको दर्शन पाएपछि पोकोमात्रै होइन पोकोवाललाई बोकोझैं घिच्याएर बेचिदिन बेर छैर बाबै (पृ. २४) ।
- तर जति सम्झाए पनि मन चाहिँ बिग्र्यो बिग्र्यो लाहुर बस्नै मानेन र फर्कें घरैतिर (पृ. २५) ।
- तर उद्योग गर्दै रहेपछि एकातिर नभए अर्कातिर गल्फ भन्ने सम्झेर तुरुन्तै ज्वाइन गरेँ अर्कोपार्टी (पृ. २ ९) ।

- यो देखि मलाई साह्रै जङ चल्यो र म पद्रगें अर्कै पार्टीमा (पृ. ३१) ।
- नोट गरी राख्नोस् नेता नम्बर एक सय एक (पृ. ३३) ।
- एकपटक त माया पनि लाग्यो, तर के गर्नु, फुटपाथमा साइकल अढ्याएर किनमेल गर्न लागेकी एउटी महिलाकै साइकल उडाएछन् चरिचुच्चे काजीले ले त (पृ. ४३) ।
- त्यसैले आनेकाने कौनौ कुरा नहेरी भोलिपल्ट पसेँ उहीँ (पृ. ४५) ।
- कहाँ भन्नुहुन्छ तपाइँको मन्त्री चलाउने ल्याकत र हिम्मत भएको मान्छेलाई तपाईँको दर्जा परिरहेछ चानचुने (पृ. ४६) ।
- तर जमिनको खास जोताहा मलाई मुखमा पेरूङ्गो बाँधिदिन्छ आजको समाजवादी मान्छे (पृ. ७३) ।
- साच्चै रमणीय छ त्यो गुरूजीको अलकापुरी (पृ. ८०) ।
- एक दिन आफ्नो प्यारो अलकापुरी हेर्न हाम्रा आदिकविजी आइपुगेछन् काठमाडौँमा (पृ. ८१) ।

माथिका अधिकांश वाक्यहरूमा पदक्रम मिलेकै छैन । कर्ता र क्रियाको क्रम हुनुपर्नेमा त्यसको परिपालन भएको छैन ।

कुनै वाक्यमा कर्ता नै छैनन् कुनैमा सङ्गति मिलेको छैन तर पनि प्रस्तुति प्रभावशाली छ । वास्तवमा व्याकरणिक विचलनको उपयोग पनि विशिष्ट भाषाशैलीकै लागि गरिन्छ । जय भुँडी निबन्ध सङ्ग्रहमा यस्ता व्याकरणिक विचलनयुक्त प्रयोग अधिक मात्रामा छन् जसले कृतिलाई अर्थपूर्ण बनाएका छन् ।

## ध्वनिप्रक्रियात्मक विचलन

मानक उच्चारणभन्दा भिन्न शब्दको प्रयोगबाट ध्वनिप्रक्रियात्मक विचलन बन्छ । यस्तो विचलन मूलतः व्यक्ति बोलीमा देखा पर्छ। यसका साथै भाषाको स्थानीय भेद समेटिएको हुने हुनाले मौलिकतामा अभिवृद्धि हुन्छ भने पाठकले कृतिको पठनबाट अपनत्व ग्रहणसमेत गर्न सफल हुन्छन् । जय भुँडी निबन्ध सङ्ग्रहमा प्रयुक्तध्वनिप्रक्रियात्मक विचलनका केही उदाहरणहरू निम्न छन् :

- तिम्रो वीरता, त्यो गुर्खा को वीरता, जसले देशमा एउटा काम गर्नु भन्दा विदेशमा सत्रोटालाई सलाम गर्नुलाई पुरूषार्थ ठान्यो (पृ. २५) ।
- बाहिर छउन्जेल घुम्ने, भित्र छउन्जेल उभ्ने भएकाले कोही मलाई बहीदारको सट्टा फुइँदार पनि भन्ने गर्थे (पृ. २८) ।
- भुँडी नैवेधको लोभले भुँडीवालका जुनसुकै सर्तमाथि नाकको टुप्पोमा कालो दलेर ल्याप्चे सही गर्नुपर्दा कति टाकन-टुकन भुँडीहरूले हाँडी भैँ हाउडे भुँडीमा पस्नु परेथ्यो(पृ. २४) ।
- अहिले पनि भन्डै भन्डै उस्तै जस्तै भोभानुभक्तलाई (पृ. ८४) ।
- नयाँसडक सडकमात्र नयाँ थिएन तडक भडक पनि नयै थियो (पृ. ८५) ।

माथि रेखाङ्कन गरिएका शब्दहरू ध्वनिप्रक्रियात्मक विचलनका केही उदाहरण हुन् ।उक्त शब्दहरूको मानक रूपहरू यसरी देखाउन सकिन्छ : गुर्खा = गोर्खा, उभ्ने=उभिनु, परेथ्यो=परेको थियो, भो=भयो, नयै= नयाँ । यस्ता शब्दको उपयोगबाट कृतिमा उपस्थित पात्र या वक्ताको जीवन्त प्रस्तुति हुने र अर्थ ग्रहणमा अनुकूलता पनि वद्धि हुने अवस्था आउँछ । विश्लेष्य कृतिमा अर्यालले ध्वनिप्रक्रियात्मक विचलन भएका प्रशस्त शब्दको उपयोग गरेका छन् । फलस्वरूप निबन्ध सङ्ग्रह मौलिक एवम् प्रभावशाली बनेको छ ।

## आर्थी विचलन

प्रस्तुत गर्न चाहेको विचार तथा अभिव्यक्तिलाई आलङ्कारिक तुल्याउनका लागि आर्थी विचलनको प्रयोग गरिन्छ । अभिधार्थभन्दा भिन्न लक्ष्यार्थ एवम् व्यङ्ग्यार्थका लागि उपयोग हुने आर्थी विचलन सर्जकको विशिष्ट शैलीको प्रमुख अस्त्र हो । यस्तो भाषाशैलीले कृतिले जीवन प्राप्त गरेको हुन्छ । यहाँजय भुँडी निबन्धसङ्ग्रहमा प्रयुक्त आर्थी विचलनका केही उदाहरणहरूको चर्चा गरिएको छ ।

- मपाईत्व प्रदर्शित गर्ने यस्ता कथाहरू नौ मुरी पाइन्छन् (पृ. ३) ।

माथिको वाक्यमा मपाईंत्व प्रदर्शित गर्ने धेरै कथाहरूलाई परिमाणात्मक वस्तुका रूपमा चित्रण गरिएको छ । कथालाई त्यसरी मापन गर्न सकिँदैन ।तसर्थ यस वाक्यमा आर्थी विचलन छ ।

- कहिले उडुस उपियाँको नाचगान हेरेर झ्यालखाना रूङ्दैमा बित्यो (पृ. ३७) ।

माथिको वाक्यमा उडुस र उपियाँको नाचगान भनिएको छ । ती परजीवीहरू न त गाउन नै सक्छन् न त नाच्न नै । तसर्थ अभिधामा यो असम्भव छ । व्यञ्जनामा उपियाँ र उडुसले सताएको अवस्था उद्घाटनका लागि यस्तो विशिष्ट शैलीको उपयोग गरिएको देखिन्छ । तसर्थ यहाँ आर्थी विचलन भएको देखिन्छ ।

- यस्तै सिन्की कोचाइ र रन्की कुदाइले त कति नेपाली बाइरोडको बाटो स्वर्ग गइसके, थाहा पाउनु भएन (पृ. ८४)?

माथिको उदाहरणमा यहाँ बाइरोडको बाटो स्वर्ग जाने सन्दर्भ छ। स्वर्ग भनेकै अदृश्य छ। त्यहाँ जाने भन्ने काल्पनिक विषय हो किनकि त्यहाँ गएर कोही पनि आएका छैनन्। फेरि गाडीभित्र चेपिएर र गाडी कुदेर स्वर्ग जान पनि मिल्दैन। यसकारण यो आर्थी विचलन हो। यी त केही नमुना मात्र हुन्। यसरी जय भुँडी निबन्ध सङ्ग्रहमा अभिधार्थमा बाधा पैदा गर्ने अनकौं उदाहारण प्रयुक्त छन्। यस्तो अभिधार्थमा बाधा सिर्जना हुनु आर्थी विचलनको अवस्था हो। स्रष्टाले प्रस्तुतिलाई प्रभावकारी बनाउनका लागि यस्तो भाषाशैली अपनाएका छन्। कृतिमा आर्थी विचलनका माध्यमबाट आलङ्कारिक र ध्वन्यात्मक अर्थ प्रस्तुत भएको छ। अभिधार्थभन्दा पर गई लाक्षणिक एवम् व्यङ्ग्यात्मक अर्थसहित विचार एवम् प्रस्तुति सघन तुल्याउन निबन्धकारले कृतिमा आर्थी विचलनको प्रभावकारी उपयोग गरेको पाइएको छ।

## निष्कर्ष

साहित्यिक कृतिमा भाषाका विभिन्न एकाइहरूको विशिष्ट प्रयोग गरिनु नै विशिष्ट शैली हो। ध्वनि वा वर्णदेखि वाक्यका तहसम्मका एकाइहरूको आवश्यकताअनुसार आवृत्ति हुनु बाह्य समानान्तरता हो भने अर्थको तहमा तुलनाबोध हुने गरी आवृत्ति हुनु आन्तरिक समानान्तरता हो। समानान्तरताले छन्द तथा अलङ्कारको प्रयोगसहित बिम्ब र प्रतीकलाई पनि जनाउँछ। विशिष्ट भाषिक शैलीको अर्को सार्थक उपकरण भाषिक विचलन हो। भाषिक विचलन हुने क्षेत्रहरू मूलतः कोशीय, व्याकरणिक, ध्वनिप्रक्रियात्मक, आर्थी विचलन हुन्। *जय भुँडी* निबन्ध सङ्ग्रहमा वर्ण र शब्दहरूको आवृत्तिमूलक प्रयोग बाह्य समानान्तरताका उदाहरण हुन्। शब्द र वर्णहरूको आवृत्तिले कृतिमा झन नवीनता थपेको पाइन्छ। निबन्ध सङ्ग्रहभित्र आन्तरिक समानान्तरताका प्रशस्त उदाहरणहरू प्रयोग भएका छन्, जसले कृतिलाई प्रभावमय बनाउन महत्त्वपूर्ण भूमिका खेलेका छन्। व्याकरणिक दृष्टिले विचलित वाक्यहरूको प्रयोग प्रशस्त मात्रामा भएको भए तापनि तिनले बोध र अभिव्यक्तिमा बाधा नपुऱ्याई विचार र भाव प्रस्तुतिमा विशिष्टता पाइन्छ। निबन्ध सङ्ग्रहमा प्रयुक्त शब्दहरूमा प्रशस्त ध्वनिप्रक्रियात्मक विचलन छन्। त्यस्ता शब्दहरूको मानक स्वरूप अर्कै छ तर पनि कृति मौलिक बनेको छ। कृतिमा आर्थी विचलनको प्रयोगले प्रस्तुति विशिष्ट र रोमाञ्चक बनेको छ। यसरी निबन्धकार भैरव अर्यालमा भाषिक कला र चातुर्य देखिन्छ। उनी बिम्ब र प्रतीकको प्रयोगसहित विशिष्ट भाषाशैलीको प्रयोग गर्दै अभिव्यक्तिलाई सशक्त र प्रभावकारी बनाउन जय भुँडी निबन्ध सङ्ग्रहमा सफल छन्।

*(**डा. राजेन्द्र खनाल,** त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय केन्द्रीय विभाग अर्न्तगत नेपाली शिक्षा विभागमा उपप्राध्यापकको रुपमा कार्यरत हुनुहुन्छ । उहाँको दर्जनौ अनुसन्धान मूलक कृतिहरु प्रकाशन भएका छन् । )*

**सन्दर्भ सामग्रीहरू**

अर्याल, भैरव (२०७०), *जयभुँडी,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

खनाल, राजेन्द्र (२०६८), *शैलीवैज्ञानिक पठनमा दुई उपन्यास,* काठमाडौँ : तन्नेरी प्रकाशन ।

खनाल, राजेन्द्र (२०७८), *प्रायोगिक भाषाविज्ञानका प्रमुख क्षेत्र,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

गौतम, कृष्ण (२०५९), *आधुनिक आलोचना : अनेक रूप अनेक पठन (दोस्रो संस्क.),* ललितपुर : साझा प्रकाशन ।

ढकाल नारायण (२०७१), *वृषभ वध,* काठमाडौँ : फाइनप्रिन्ट ।

त्रिपाठी, बासुदेव (२०५८), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (पाँचौँ संस्क.),* ललितपुर :साझा प्रकाशन ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

बन्धु, चूडामणि (२०६५), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौं : रत्न पुस्तक  भण्डार ।

बराल, ईश्वर (२०५६), *छरिएका समीक्षा (सम्पा. शरदचन्द्र शर्मा भट्टराई),* ललितपुर : साझा प्रकाशन ।

भण्डारी, पारसमणि (२०५८), *प्रायोगिक भाषाविज्ञानका केही पक्ष,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

नेपाल, घनश्याम (सन् २००५), *आख्यानका कुरा,* काठमाडौँ : एकता बुक्स हाउस ।

नेपाल, घनश्याम (सन् २००९), *शैलीविज्ञान,* काठमाडौँ : एकता बुक्स हाउस ।

रिचार्डस्, जे.सी. एन्ड अदर्स (सन् १९९९), *लङम्यान डिक्सनरी अफ ल्याङ्ग्वेज टिचिङ एन्ड अप्लाइड लिङ्ग्विस्टिक्स,* लङ्म्यान ।

लिच, जियोफ्री एन्ड सर्ट मिचेल (सन् १९९५), *स्टाइल इन फिक्सन,* लन्डन : लङ्म्यान ।

वेल्स, कटी (सन् २००१), *अ डिक्सनरी अफ स्टाइलिस्टिक्स,* इङ्ल्यान्ड : पियर्सन एजुकेसन लिमिटेड ।

श्रेष्ठ, दयाराम (२०७८), *गद्यशैलीको रूपविज्ञान,* काठमाडौँ : शिखा बुक्स ।

सुवेदी राजेन्द्र (२०७२), *समसामयिक नेपाली उपन्यास,* काठमाडौँ : तन्नेरी प्रकाशन ।